# सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डाईनिया, मोरङ

कोशी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८०/०१/०५

**शर्तहरु**

यस कार्यलयको आ.व.२०७९/८० को तपशिल बमोजिमको स्वीकृत कार्यक्रम शिलबन्दी दरभाउँपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सो संग सम्बन्धित सबै व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. तपशिलमा उल्लेख भए अनुसार दस्तुर "फिर्ता नहुने गरी " सुनवर्षी नगर कार्यपालिकाको कार्यालयको हिमालयन बैंक लि. आन्तर्गत रहेको शाखामा सुनवर्षी न.पा.को राजस्व खाता नं.२६८५६३८९२३०१३८ मा जम्मा गरेको भौचर साथ व्यवसायिले व्यवसाय नविकरण भएको ईजाजत पत्र आय कर तथा मूल्य अभिबृदि कर दर्ता प्रमाण पत्र र आ.व.२०७८/७९ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७९/०१/२० गते ) सम्म कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखि दरभाउपत्र खरिद गर्न सकिने छ।

२. खरिद भएका दरभाउपत्र फारमहरु उल्लेख भएका सबै विवरण रितपूर्वक भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी कामको विवरण, दरभाउपत्रदाताको नाम,ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फार्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना भएको मिति १६ औं दिन (मिति २०७९/०१/२१ गते) दिउँसो १२:०० बजे कार्यलयमा दर्ता गर्नुपर्ने छ।

३. दर्ता भएको दरभाउहरु सोहि दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ।

४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा को लगतै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम हुनेछ।

५. शिलबन्दी दरभाउपत्र फारमसाथ जमानत वापत यस कार्यलयको नाम रहेको धरौटी खाता नं.२६८५६३८९२३०१७८ मा रकम जम्मा गरी सक्कलै भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेहुन्छ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ।दरभाउपत्रमा दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखि कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्न वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी कुनै शर्त पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैनन्।

९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम हुनेछ।

१०. दरभाउपत्र स्विकृत भएपछि परफरमेन्स बोण्डवापत दरभाउपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बँदा नं. ५ मा उल्लेख भएको खाता नं.मा नगदै जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको पक्षमा न्युन्तम कार्यसम्पन्न गर्नुपर्ने अवधिभन्दा कम्तिमा १८० दिनको म्यमद राखि जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ।

११. समानको गुणस्तर सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन ) कार्यविधि २०७६ को अनुसुचि १ मा भएको न्यूनतम मापदण्ड बमोजिम अल्ट्रा मोडेल स्पेशिफिकेशन भएको हुनुपर्ने तथा सेनिटरी प्याड नेपनल गुणस्तर प्रमाण पत्र प्राप्त भएको वा सोहि बमोजिम भएको प्रमाण पत्र पेश गर्नुपर्ने छ। प्याडको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति (MFD) र ब्याच नं. स्पष्ट लेखिएको हुनु पर्नेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.भ्याट समेत | दरभाउ पत्र जमानत रकम | दरभापत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | SUNMUN/EDU/079/80-01 | सेनिटरी प्याड(अल्टा) | 16,49,500।- | 49,500।- | १०००।- |

०८०/०१/०५